# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी International Atomic Energy Agency र नेपाल सरकारबीच भएको Country Programme Framework 2016-2021 को सम्झौता बमोजिमको Amex-Export-Import GmbHS, Vienna, Austria ले UNDP मार्फत पशुपन्छी रोग अन्वेषणका लागि नेपाल सरकारको विभिन्न प्रयोगशालालाई प्राप्त हुने युरो १,१०,२९२.४० (एक लाख दश हजार दुई सय बयानब्बे सेन्ट चालिस) मूल्य बराबरको मालवस्तुको पैठारीमा लाग्ने भन्सार महसुल लगायतका दस्तुर, कर, शुल्क छुट दिने निर्णय मिति २०८०।०२।१० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना २

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपालबाट चोरी भई चीनको हङकङस्थित एक नागरिकको व्यक्तिगत सङ्ग्रहबाट हङकङस्थित नेपाल महावाणिज्य दूतावासलाई फिर्ता भएको तामामा सुन जलप लगाएको बज्रधरको मूर्ति एक थान पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय मिति २०८०।०२।१४ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी समाज कल्याण परिषद्सँग आवद्ध एनिमल नेपाल नामक राष्ट्रिय गैर सरकारी संस्थाको नाममा World Horse Welfare नामक दातृ संस्थाबाट छाडा पशु चौपाया व्यवस्थापन तथा उद्दारका लागि नेपालगञ्ज उपमहानगरपालिकालाई निःशुल्क हस्तान्तरण गर्न प्राप्त हुने भारतीय रुपैयाँ ५,८४,३५८.०० (पाँच लाख चौरासी हजार तीन सय अन्ठाउन्न) मूल्य बराबरको Animal Ambulance थान एक पैठारीमा लाग्ने भन्सार महसुल लगायत अन्य कर छुट दिने निर्णय मिति २०८०।०२।२१ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ४

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी HIV सङ्क्रमित बिरामीहरुको लागि प्रयोग हुने राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रको नाममा Global Fund द्वारा वस्तुगत सहायता अन्तर्गत Save the Children मार्फत प्राप्त हुने अमेरिकी डलर ५,४८,०७१.४९ (पाँच लाख अठचालिस हजार एकहत्तर सेन्ट उनान्चास) मूल्य बराबरको HIV Commodities को पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा अन्य कर छुट दिने निर्णय मिति २०८०।०२।२६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ५

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल रेडक्रस सोसाईटी रुपन्देही जिल्ला शाखा अन्तर्गतको रक्तसञ्चार सेवा केन्द्र बुटवलले खरिद गर्न लागेको भारतीय रुपैयाँ ४०,३०,०००.०० (चालीस लाख तीस हजार) मूल्य बराबरको Blood Collection Van Type-B (Ambulance) एक थान पैठारी गर्दा लाग्ने भन्सार महसुलमा एक प्रतिशत भन्सार महसुल लिई मूल्य अभिवृद्धि कर र अन्तःशुल्क पूर्ण छुट दिने निर्णय मिति २०८०।०२।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी World Meteorological Organization (WMO) को VCP Scheme मार्फत जल तथा मौसम विज्ञान विभागको लागि अनुदानस्वरुप प्राप्त हुने जापानीज येन ६,८०,०००.०० (छ लाख असी हजार) मूल्य बराबरको UPS चार थान पैठारी गर्दा लाग्ने भन्सार महसुलमा एक प्रतिशत भन्सार महसुल लिई मूल्य अभिवृद्धि कर र अन्तःशुल्क पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी World



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Meteorological Organization (WMO) को VCP Scheme मार्फत China Meteorological Administration बाट जल तथा मौसम विज्ञान विभागको लागि अनुदानस्वरुप प्राप्त हुने RMB २,५१,४००.०० (दुई लाख एकाउन्न हजार चार सय) मूल्य बराबरको Updated CMA Cast System का सामग्री पैठारी गर्दा लाग्ने भन्सार महसुलमा एक प्रतिशत भन्सार महसुल लिई मूल्य अभिवृद्धि कर र अन्तःशुल्क पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।०६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ८

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मित्रराष्ट्र संयुक्त राज्य अमेरिकाबाट नेपाली सेनालाई Global Peace Operation Initiative (GPOI) Fund मार्फत सहयोगस्वरुप प्राप्त भएका दुई थान Remote Peace Operating Vehicle, ROV (Pacbot) मध्ये एउटामा समस्या देखिएकोले मर्मतको लागि संयुक्त राज्य अमेरिकाको शिकागो लैजाँदा र मर्मत पश्चात फिर्ता ल्याउँदा नेपाली सेनाको नाममा निकासी तथा पैठारी गर्दा नियमानुसार लाग्ने भन्सार महसुल तथा अन्य कर महसुल छुट दिने निर्णय मिति २०८०।०३।०८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ९

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी विकास कोषको गुरुयोजनाको पूर्वी विहार क्षेत्रमा अवस्थित निर्माणाधीन Canadian Engaged Buddhism Association (CEBA) अन्तर्गत Bodhi



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Institute Monastery and Temple विहारमा राख्न जाकार्ता, इण्डोनेसिया निवासी Kashim Padmandi बाट दानस्वरुप प्राप्त हुने भगवान शाक्यमुनि बुद्धको ढुङ्गाबाट निर्मित एक थान बुद्ध मूर्ति (४१२५ के.जी. तौल) पैठारीमा लाग्ने भन्सार महसुल तथा अन्य कर पूर्ण रुपमा छुट दिने निर्णय मिति २०८०।०३।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाली सेनाको नाममा आयात हुने अमेरिकी डलर ९,५७,०००.०० (नौ लाख सन्ताउन्न हजार) मूल्य बराबरको तीन लाख मिटर Camouflage Fabric पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय मिति २०८०।०३।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ११

नेपाल सरकार, अर्थ मन्त्रालयले आर्थिक ऐन, २०७९ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी Save the Children, Nepal को अनुरोध बमोजिम Global Fund Grant अन्तर्गत खरिद भएका र स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा हस्तान्तरण भई राष्ट्रिय जनसङ्ख्या प्रयोगशालामा बुझाउने अमेरिकी डलर २,१८,९७३.२९ (दुई लाख अठार हजार नौ सय त्रिहत्तर सेन्ट उनान्तीस) मूल्य बराबरको Gene Sequencing Equipment & Consumables लगायतका स्वास्थ्य सामग्री तथा औषधि पैठारी गर्दा लाग्ने भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर पूर्ण छुट दिने निर्णय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मिति २०८०।०३।२० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**डा. अर्जुन कुमार खड्का**
**सहसचिव।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।